नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ०८२/८३
चलानी नं.: १६३७

मिति: २०८३।०१।०४

**विषय : धितोपत्र कारोबार सञ्चालन (चौथो संशोधन) विनियमावली, २०८२ कार्यान्वयन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको मिति २०८३।०१।०३ गतेको सञ्चालक समितिको बैठकले संगलन बमोजिम धितोपत्र कारोबार सञ्चालन (चौथो संशोधन) विनियमावली, २०८२ मिति २०८३।०१।०७ गतेदेखि लागू गर्ने निर्णय गरेको व्यहोरा सम्पूर्ण सरोकारवालालाई जानकारी गराउन यो सूचना गरिएको छ । साथै, संशोधित विनियमावलीको विनियम ७ को उपविनियम ५ र ६ को व्यवस्था यथाशिघ्र कार्यान्वयन गर्नका लागि कारोबार सदस्यलाई निर्देशन समेत दिइएको व्यहोरा अनुरोध छ ।

**संगलन :-**

१. धितोपत्र कारोबार सञ्चालक (चौंथो संशोधन) विनियमावली, २०८२

सन्तोष आचार्य
(वरिष्ठ अधिकृत)
सुपरिवेक्षण शाखा

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 5350755–59, 5350734–35 Fax: 5362538/Toll Free No. : 16600125025
website : www.nepalstock.com/ www.nepalstock.com.np
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.

## धितोपत्र कारोवार सञ्चालन (चौंथो संशोधन) विनियमावली, २०८२

धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले, धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई नेपाल स्टक एक्सचेन्ज लिमिटेडले देहायका विनियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी विनियमहरूको नाम "धितोपत्र कारोवार सञ्चालन (चौंथो संशोधन) विनियमावली, २०८२" रहेको छ ।

(२) यो विनियमावली नेपाल स्टक एक्सचेन्जले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ को विनियम ७ मा संशोधनः** धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ (यसपछि "मूल विनियमावली" भनिएको) को विनियम ७ को उपविनियम (४) पछि देहायका उपविनियम (५) र उपविनियम (६) थप गरिएको छः-

"(५) नेप्सेले निर्धारण गरेको कारोबार समय अघि वा पछि ग्राहकले कारोबार सदस्यको प्रणालीमा कारोबारका लागि आदेश दिएमा त्यस्तो आदेशलाइ सम्वन्धित कारोबार सदस्यले समय प्राथमिकता क्रममा राख्ने व्यवस्था गरी कारोवार समय शुरु हुनासाथ विनियम १२ को उपविनियम (२) अनुसारको सीमाभित्र भएका आदेश क्रमशः नेप्सेको प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ ।

(६) उपविनियम (५) बमोजम आदेश प्रविष्टि गर्दा पछिल्लो कारोवार दिनको अन्तिम कारोवार मुल्यको प्रन्ध प्रतिशत भन्दा घटी वा बढी नहुने गरी मात्र प्रविष्टि गर्नुपर्नेछ ।"

३. **मूल विनियमावलीको विनियम १२ मा संसोधनः** मूल विनियमावलीको विनियम १२ को उपविनियम (१) र उपविनियम (२) को सट्टा देहायका उपविनियम (१) र उपविनियम (२) राखिएका छनः-

"(१) प्रारम्भिक कारोवार सत्रमा मूल्य प्रविष्टी गर्दा अघिल्लो दिनको अन्तिम मूल्यको पाँच प्रतिशत घटी वा बढी मूल्य सीमाभित्र रही गर्नुपर्नेछ । यस सत्रमा कारोवार नभएका आदेशहरुलाई नियमित सत्रमा प्रविष्टी गरी कारोवार हुने व्यवस्था गर्नुपर्नेछ ।

(२) निरन्तर कारोवार सत्रमा उपविनियम (१) बमोजिम कायम भएको मूल्यको तीन प्रतिशत घटी वा बढी मूल्य सीमाभित्र रही आदेश प्रविष्टि गर्नुपर्नेछ ।"

४. **मूल विनियमावलीको विनियम १७ मा संशोधनः** मुल विनियमावलीको विनियम १७ को उपविनियम (१) र उपविनियम (२) को सट्टा देहायका उपविनियम (१) र उपविनियम (२) राखिएका छनः-

"(१) निरन्तर कारोवार शुरु हुँदा कायम रहेको नेप्से परिसुचक देहाय बमोजिम घटबढ भएमा देहाय बमोजिम कारोबारमा सर्किट ब्रेकर लगाइनेछः

(क) निरन्तर कारोवार शुरु भएको दुई घण्टाभित्र नेप्से परिसूचक पाँच प्रतिशतले घटी वा बढी भएमा पन्ध्र मिनेटका लागि,

(ख) निरन्तर कारोवार शुरु भएको कुनै पनि समयमा नेप्से परिसूचक आठ प्रतिशतले घटी वा बढी भएमा सो पश्चात सो दिनको कारोबार बन्द गर्ने ।

(२) कुनै संगठित संस्थाको प्रारम्भिक कारोबार सत्रमा कायम भएको धितोपत्रको मूल्यमा पन्ध्र प्रतिशत भन्दा घटी वा बढी हुने गरी सो दिन कारोवार हुने छैन् ।"